UNITED NATIONS
OFFICE OF THE HIGH COMMISSIONER
FOR HUMAN RIGHTS IN NEPAL

# मानवअधिकार उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटको मन्तव्य
# विश्व प्रेस स्वतन्त्रता दिवस, २०६७ जेठ ४ गते

---

नेपाल प्रेस इन्स्टिच्युटका अध्यक्ष श्री पी खरेल, माननीय मन्त्री शङ्कर पोखरेल, नेपाल पत्रकार महासङ्घका सभापति धर्मेन्द्र झा, नेपाल प्रेस काउन्सिलका अध्यक्ष श्री नारायण शर्मा, मेरा सहकर्मी युनेस्कोका प्रतिनिधि एक्सेल प्लेथ, एनपीआई तथा नेपाल पत्रकार महासङ्घका अन्य सहकर्मीहरू, सञ्चारकर्मीहरू, मानवअधिकार समुदायका सहकर्मी तथा साथीहरू:

तपाईंहरूसँगै आज यहाँ विश्व प्रेस स्वतन्त्रता दिवस मनाउन पाउँदा म गौरवान्वित भएको छु र नेपाल प्रेस इन्स्टिच्युट, नेपाल पत्रकार महासङ्घ तथा राष्ट्रिय सूचना आयोगलाई यस कार्यक्रमको आयोजना गरेकोमा म बधाई दिन्छु। विश्व प्रेस स्वतन्त्रता दिवस प्रेस स्वतन्त्रताका मौलिक सिद्धान्तहरूको स्मरण गर्ने, समाजमा विद्यमान प्रेस स्वतन्त्रताको मूल्याङ्कन गर्ने, आक्रमणहरूबाट सञ्चारमाध्यमको रक्षा गर्ने तथा आफ्नो कर्तव्य पालनाका सन्दर्भमा निकै ठूला चुनौतीहरूको सामना गरेका, विशेषगरी दुःखद रूपमा आफ्नो ज्यान गुमाएका पत्रकारहरूलाई श्रद्धा अर्पण गर्ने एक अवसर हो।

यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको नारा "सूचनाको स्वतन्त्रता : जान्न पाउने अधिकार" रहेको छ। म यो अवधारणामाथि आज गहिराइमा छलफल भएको सुन्न चाहन्छु, तर मानवअधिकारको प्रवर्द्धन र संरक्षणसँग सम्बन्धित दुईवटा महत्त्वपूर्ण बुँदाहरूमा म जोड दिन चाहन्छु। पहिलो कुरा, जान्न पाउने अधिकार र अन्य धेरै अधिकारहरूको प्राप्तिबारे सोच्न हामी सबैलाई प्रोत्साहन गर्ने कुरा हो। सूचनामाथिको पहुँच - खासगरी राज्यको सूचना - ले नागरिकलाई सशक्त बनाउँछ र लोकतान्त्रिक प्रक्रियामा पूर्णतया सहभागी हुने क्षमता प्रदान गर्दछ। तसर्थ अन्य मानवअधिकारहरूको प्राप्तिका लागि यो एउटा मञ्च हुन सक्छ।

दोस्रो कुरा, सशस्त्र द्वन्द्वका क्रममा गरिएका मानवअधिकार उल्लङ्घनलगायतका सम्बन्धमा सत्य कुरा थाहा पाउने अधिकारको महत्त्वमाथि म जोड दिन चाहन्छु। नेपालमा जवाफदेहीतालाई प्रवर्द्धन गर्न तथा कानुनी शासनमा आधारित समाज निर्माण गर्न सत्यको खोजीलाई सहयोग गर्ने काम एउटा अत्यावश्यक तत्त्व हो।

सूचनामाथिको पहुँच प्राप्त गर्न दिन तथा जान्न पाउने अधिकारलाई सघाउन सरकारलाई बाध्य पार्ने कानुनहरू अत्यन्त महत्त्वपूर्ण हुन्छन्। हालैको ब्रिस्बेन घोषणापत्रले अधिकतम खुलापनको अन्तर्राष्ट्रिय रूपमा स्वीकृत सिद्धान्तअनुरूप सूचनाको हक प्रत्याभूत हुने गरी कानुन बनाउन सदस्यहरूलाई आह्वान गरेको कुरालाई मैले ध्यानमा लिएको छु। नेपालमा कति जाँचबुझ आयोगहरू स्थापना भइसकेका छन् र तिनका निष्कर्षहरू कहिल्यै प्रकाशमा ल्याइएनन्? यस प्रक्रियामा पत्रकाहरूको पनि अवश्य नै महत्त्वपूर्ण भूमिका हुन्छ। उच्चायुक्तको कार्यालय तपाईं सञ्चारकर्मीहरूलाई मानवअधिकारको आन्दोलनका महत्त्वपूर्ण सहयोगीका रूपमा मान्दछ। सञ्चारमाध्यमहरूले जवाफदेहीता र पारदर्शिता प्रवर्द्धन गरेर राज्य र निजी क्षेत्रको चौकीदार बन्नुपर्छ र आवश्यक सूचना प्रदान गरेर सामान्य जनतालाई सशक्त बनाउन मद्दत गर्नुपर्छ। त्यसो त, मानवअधिकारको सम्मानमा आधारित कुनै पनि समाजमा स्वतन्त्र र व्यावसायिक सञ्चार क्षेत्र अत्यावश्यक हुन्छ।

तर, पत्रकारहरू आफ्नो अधिकारको पालना गर्नबाट बारम्बार वञ्चित भएका र गलत काम वा भ्रष्टाचारको समाचार दिएकोमा वा कुनै खास राजनीतिक बाटो अनुसरण नगरेकैमा तारो बन्ने गरेको कुराप्रति उच्चायुक्तको कार्यालय चिन्तित रहेको छ। हालैको माओवादी आम हड्तालका क्रममा उच्चायुक्तको कार्यालयका अनुगमन टोलीहरूले नेपालका पत्रकारहरूले आफ्नो कर्तव्य पालना गर्दा सहनुपरेको धम्की त्रास र हिंसासमेत र त्यसको परिणामस्वरूप धेरैले

आफूलाई नै सेन्सर गर्न बाध्य हुनुपरेको कुरालाई पुन: अवलोकन गरे। वैशाख २३ गते सुर्खेतमा तथा वैशाख २६ गते सिंहदरबारमा पत्रकारहरूमाथि भएको आक्रमण यसको दृष्टान्त थियो।

यस प्रकारका धम्की र बन्देजहरू समग्र देशको मानवअधिकार स्थितिका सूचक हुन्। स्वतन्त्रतापूर्वक, कुनै धम्की र डरबिना सूचना सङ्कलन र सम्प्रेषण गर्न पाउने पत्रकारहरूको अधिकारको संरक्षण र प्रवर्द्धन गर्न म सरकार र प्रत्येक राजनीतिक दललाई सबै आवश्यक कदम चाल्न आग्रह गर्दछु। र म पुन: दोहऱ्याउन चाहन्छु कि साँचो प्रतिबद्धताको उदाहरण दिँदै सन् २००७ नोभेम्बरमा पत्रकार वीरेन्द्र साहको हत्याको आरोप लागेकाहरूविरुद्ध विद्यमान पक्राउ वारेन्टलाई कार्यान्वयन गर्नैपर्छ।

अन्तत: म यस अवसरमा होन्डुरसमा विगत दुई महिनामा सातजनाको मृत्यु हुने गरी पत्रकारहरूमाथि भएका डरलाग्दा शृङ्खलाबद्ध आक्रमणको भर्त्सना गर्दै नेपाल पत्रकार महासङ्घ र नेपाल प्रेस इन्स्टिच्युटलगायतका कैयौं नेपाली पत्रकार सङ्गठनहरूद्वारा जारी गरिएको प्रेस विज्ञप्तिको सराहना गर्न चाहन्छु। प्रेस स्वतन्त्रताको सङ्घर्ष वास्तवमा विश्वव्यापी छ र ऐक्यबद्धताको यो अभिव्यक्ति स्वागतयोग्य र प्रशंसनीय छ।

धन्यवाद!

For further information contact Chun B. Gurung, Tel: 4280164, Ext. 320;
98510 16937 (mobile), E-mail: cgurung@ohchr.org